# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, फागुन २४ गते २०६१ साल (संख्या ४६

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध धुलिखेल अस्पतालको लागि दातृ संस्था नेपाली मेड लक्जमवर्गबाट उपहार स्वरुप प्राप्त हुने युरो ८०,०००।- मूल्य बराबरको चिकित्सा सम्बन्धी मेशिन, उपकरण तथा अन्य सामग्रीहरु आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी छत्रपाटी निःशुल्क चिकित्सालयले भा.रु. ४,५५,०००।- मूल्य बराबरको एक्सरे मेशिन आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान, शिक्षण अस्पताललाई Rotary International लगायतका दातृ संस्थाहरुबाट प्राप्त हुने देहायका मूल्य भएका Orthopedics सामानहरु आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क.सं. | विवरण | मूल्य अमेरिकी डलर |
|---|---|---|
| 1. | New Electric Powered hand drills | 30,000/- |
| 2. | Basic Orthopedic Surgical Instruments | 20,000/- |
| 3. | Intramedullary drilling system | 5,000/- |

आज्ञाले,
प्रमोदकुमार कार्की
सहसचिव

**श्री ५ को सरकार**
**कृषि तथा सहकारी मन्त्रालयको सूचना १**

कृषि तथा सहकारी मन्त्रालयले रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको अनुसूचि- १ मा देहायको रासायनिक मलको स्पेसिफिकेशन थप गरेको हुंदा यो सूचना प्रकाशन गरिएको छ ।

**"1. Urea Ammonium Phosphate (28-28-0)**

| S. NO. | CHARACTERISTICS | REQUIREMENTS |
|---|---|---|
| 1 | **PHYSICAL CONDITION** | |
| | Description and particle size | Particle size - Not less than 90 per cent of the material shall pass through 4 mm IS sieve and be retained on 1 mm IS sieve. Not more than 5 per cent of the particles shall be below 1 mm size. |
| 2 | **CHEMICAL COMPOSITION** | |
| | 2.1 Moisture, per cent by weight, maximum | 1.5 |
| | 2.2 Total nitrogen, per cent by weight, minimum | 28.0 |
| | 2.3 Ammonical nitrogen, per cent by weight, minimum | 9.0 |
| | 2.4 Neutral ammonium citrate soluble phosphate (as $P_2O_5$), per cent by weight, minimum | 28.0 |
| | 2.5 Water soluble phosphates (as $P_2O_5$), per cent by weight, minimum | 25.2 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८

| | | |
|---|---|---|
| 3 | **Others** | Certificate from an Independent surveyor or a recognized Government laboratory showing there is no contamination with radioactive material. |

## श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना २

श्री ५ को सरकारले खाद्य ऐन, २०२३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५०, संख्या ४२, मिति २०५७।१०।२३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा तोकिएका खाद्य पदार्थहरुको अतिरिक्त देहायका खाद्य पदार्थहरुको गुणस्तर देहायबमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### ०४.१९ सग्लो ल्वाङ (Whole Clove)

सग्लो ल्वाङ भन्नाले युगेनिया कारियोफाइलस (सि.स्प्रेन्जेल) बुलक एण्ड हेरिसन (Eugenia Caryophyllus (C. sprengel) Bullock and Harrison) को नफक्रेको कोपिलालाई सग्लै सुकाइएको वास्नायूक्त मसलालाई जनाउँछ । यसलाई कृतिम रंगले रंगाइएको हुनु हुदैन । यसको गुणस्तर परिधि देहाय वमोजिमको हुनु पर्नेछ :-

| | |
|---|---|
| १. अजैविक वाह्य पदार्थ (Inorganic Foreign Matters) | ०.५ प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| २. जैविक वाह्य पदार्थ (Organic Foreign Matters) -ल्वाङ वाहेक अन्य वोटविरुवाका वनस्पतीय पदार्थका अंश, कलिला ल्वाङका भुर्का र विरुवाका अन्य भाग) (फूल रहित ल्वाङलाई जैविक वाह्य पदार्थ मानिने छैन) | २.० प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ३. किराले क्षति पुऱ्याएको ल्वाङ (Insect Damaged Clove) | १.० प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ४.वाष्पशील तेल (Volatile Oil) | १५.० प्रतिशतमा नघटेको (आयतन/ तौलको आधारमा) |

द्रष्टव्य :
किराले क्षति पुऱ्याएको ल्वाङ भन्नाले किराले आंशिक वा पूर्णरुपमा प्वाल पारी क्षती पुऱ्याएको ल्वाङलाई जनाउँछ ।

### ०४.२० धुलो मसला (Spice Powder) :

धुलो मसला भन्नाले वास्नादार सुख्खा, सफा र स्वस्थ जीरा, धनिया, मरिच, मेथी, वेसार, दालचिनी, ल्वाङ्ग, सुकमेल, अलैची, जाइफल, जाइपत्री, तेजपात, सुँप, रायो, केशर, खुर्सानी, अदुवा, लसुन जस्ता मसलाजन्य पदार्थ पिंधी तयार भएको धूलोलाई जनाउँछ । धुलो मसलामा आवश्यकता अनुसार खाने नून र स्टार्च (starch) पनि राख्न सकिन्छ । यसले प्रचलनमा रहेका मिश्रित धूलो मसलाहरु जस्तै मिट मसला, करी पाउडर, चाट मसला, तरकारी मसला आदि समेतलाई जनाउँछ । मसलाको धूलो तयार गर्दा मसला पदार्थको मात्रा तौलको अनुपातमा कम्तीमा ८५% हुनु पर्नेछ । मसलाको धूलो किराले क्षती नपुऱ्याएको, ढुसी र कसर रहित हुनु पर्नेछ । सबै मसलाको धूलोमा उक्त मसलामा भएको प्राकृतिक वास्ना वाहेक मोनो सोडियम ग्लुटामेट लगायत अन्य अप्राकृतिक वास्ना आउने पदार्थ राख्न, मिसाउन पाइने छैन । यसको गुणस्तर परिधि देहाय वमोजिमको हुनु पर्नेछ :-

| | |
|---|---|
| क) जलांश (Moisture) | १४.० प्रतिशतमा नवढेको (तौलको आधारमा) |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ख) | कूल भष्म (Total ash) | १०.० प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| ग) | डाइल्यूट हाइड्रोल्कोरिक एसिडमा नघुल्ने भष्म (Ash insoluble in dil HCl) | १.५ प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| घ) | वाष्पशील तेल (Volatile oil) | ०.५ प्रतिशतमा नघटेको (सुख्खा तौल/आयतन को आधारमा) |
| ङ) | अवाष्पशील तेल (non-volatile ether extract) | ८.० प्रतिशतमा नघटेको (सुख्खा तौलको आधारमा) |
| च) | क्रुड फाइवर (Crude fibre) | १५ प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| छ) | खाने नुन प्रयोग गरिएको भएमा (Edible common salt) | ५.० प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| ज) | शिसा (Lead) | १० मिलिग्राम प्रति किलोग्राममा नवढेको (सुख्खा तौलको आधारमा) |

## ०७.१९ वेसन (Bengal Gram Flour)

वेसन भन्नाले बोक्रा निकालिएको सफा चना (Cicer arietinum) लाई पिंधेर तयार पारिएको पिठोलाई जनाउँ"छ। यो पिठो डल्लो नपरेको, जालो नपरेको, पूरानो र दुर्गन्धित (Rancid) नभएको हुनु पर्नेछ। यसमा खेसरी (Lathyrus sativus L.) को पिठो, अन्य खाद्य स्टार्च (Other food starch), रंङ्ग र अन्य वाह्य पदार्थ मिसिएको हुनु हुदैन। यसको गुणस्तर परिधि देहाय वमोजिमको हुनु पर्नेछ।

| | |
|---|---|
| क. जलांश (Moisture) | १४.० प्रतिशतमा नवढेको (तौलको आधारमा) |
| ख. कूल भष्म (Total ash) | ५.० प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| ग. डाइल्यूट हाइड्रोल्कोरिक एसिडमा नघुल्ने भष्म (Ash insoluble in dil. HCl) | ०.५ प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| घ. अल्कोहलिक एसिडिटी (Alcoholic acidity) | ०.१५ प्रतिशतमा नवढेको (सुख्खा तौलको आधारमा) |
| ङ. माइकोटक्सिन -अफलाटक्सिन) (Mycotoxin / aflatoxin) | २० माइक्रोग्राम प्रति किलोग्राममा नवढेको |

द्रष्टव्य :

जीवनाशक विषादीको अवशेष (Pesticide Residues):

जीवनाशक विषादीको अवशेष सम्वन्धी मिति २०५७।१०।२३ को नेपाल राजपत्र भाग ३, खण्ड ५०, संख्या ४२ मा प्रकाशित यस मन्त्रालयको सूचनाको सि.नं ०७ खाद्यान्न, दलहन तथा सो बाट बनेका पदार्थहरु (cereal, pulse and their products) का सम्वन्धमा तोकिएको विषादीहरुको म्याक्सिमम् रेजिड्यू लिमिट (Maximum Residues Limit) वेसनको हकमा समेत लागु हुनेछ।

आज्ञाले,
रामकुमार आचार्य
उपसचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रु. ५।-
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

20